# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ३ मण्डनदेउपुर माघ २४ गते, २०७६ साल संख्या १०


भाग २

मण्डनदेउपुर नगरपालिका, महादेवस्थान, काभ्रेपलाञ्चोकको

सूचना

# मण्डनदेउपुर नगरपालिकाको मदिराजन्य पदार्थ उत्पादन, बिक्रि बितरण, ब्यवस्थापन तथा नियमन नियमावली २०७६

# मण्डनदेउपुर नगरपालिकाको मदिराजन्य पदार्थ उत्पादन, बिक्रि बितरण, ब्यवस्थापन तथा नियमन नियमावली २०७६

*नगरकार्यपालिकाबाट स्वीकृत मिति :२०७६/०९/२७*
*प्रमाणिकरण मिति :२०७६/१०/२४*

मण्डनदेउपुर नगरपालिकाको मदिरा उत्पादन, बिक्रि वितरण, प्रयोग तथा नियन्त्रण सम्बन्धि ऐन, २०७५ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी मण्डनदेउपुर नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम मण्डनदेउपुर नगरपालिकाको मदिराजन्य पदार्थ, उत्पादन, विक्रि वितरण, व्यवस्थापन तथा नियमन नियमावली २०७६ रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क) "ऐन" भन्नाले मदिरा उत्पादन, बिक्रि वितरण, प्रयोग तथा नियन्त्रण सम्बन्धि ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले मण्डनदेउपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले मण्डनदेउपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले मण्डनदेउपुर नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) “मदिराजन्य पदार्थ” भन्नाले मदिरा उत्पादन, बिक्रि वितरण, प्रयोग तथा नियन्त्रण सम्बन्धि ऐन, २०७५ को दफा २ को उपदफा (क) बमोजिमका पदार्थहरुलाई सम्झनु पर्दछ ।

च) “घरेलु मदिरा” भन्नाले घरेलु सामग्री, कच्चा प्रर्दाथहरु प्रयोग गरी नेपाल सरकारको मापदण्ड पुरा नगरी तयार पारिएको मदिरालाई जनाउँदछ ।

छ) “डिलरवाला” भन्नाले मण्डनदेउपुर नगरपालिका भित्र मदिराको थोक विक्री गर्ने अनुमती प्राप्त विक्रेतालाई सम्झनु पर्दछ ।

ज) “होटल” भन्नाले भोजन, खानपानको प्रबन्ध भई वा नभई बसोबासको सुविधादिने गरि व्यावसायिक उद्देश्यका लागि चलाईएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरा समेतलाई जनाउँदछ ।

झ) “प्रमुख” भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

ञ) “उपप्रमुख” भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मण्डनदेउपुर नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत जिम्मेबारी बहन गरेको अधिकारी सम्झनु पर्दछ ।

ठ) “वडा अध्यक्ष” भन्नाले मण्डनदेउपुर नगरपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

ड) “मूल समिति” भन्नाले मण्डनदेउपुर नगरपालिकामा गठित मण्डनदेउपुर नगरपालिकाको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनु पर्दछ ।

ढ) “समिति” भन्नाले प्रत्येक वडामा गठित वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ण) "अनुमतीपत्र" भन्नाले मण्डनदेउपुर नगरपालिकाले मदिरा उत्पादन,बिक्री वितरण, निकासी तथा पैठारी गर्न दिइएको अनुमतीपत्रलाई सम्झनु पर्दछ ।

त) "मदिरा बिक्री वितरण नियन्त्रण" भन्नाले कुनै व्यक्ति वा व्यवसायीले अनुमति पत्र बेगर वा अुनमति पत्र पाएकाले पनि अनुमतिमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन, बिक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाईने छैन ।

## परिच्छेद २

## समिति गठन सम्बन्धी व्यवस्था

३. मदिराको उत्पादन र बिक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा बिक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिनेछ,

| | |
|---|---|
| क) मण्डनदेउपुर नगरपालिकाको उपप्रमुख | संयोजक |
| ख) जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकका अधिकृत प्रतिनिधि | सदस्य |
| ग) घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| घ) आन्तरिक राजश्व कार्यालय | सदस्य |
| ङ) मण्डनदेउपुर नगरपालिकाको होटल व्यवसायीहरुको संघको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| च) मदिरा नियन्त्रण सम्बन्धि कार्यरत नागरिक संघ सस्था | सदस्य |
| छ) आमा समुहबाट (कम्तिमा १ जना महिला सहित) प्रमूखले तोकेको २ जना सदस्य | |
| ज) संयुक्त टोल नगर समन्वय समितिका संयोजक वा प्रतिनिधि | सदस्य |
| झ) नगरपालिका स्तरीय मदिरा व्यवसायी संघको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ञ) नगरपालिका स्तरीय उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ट) मदिरा व्यवसाय ईजाजत दिने विषयगत कार्यालयका अधिकृत प्रतिनिधि सदस्य | |
| ठ) नगरपालिका अन्तरगतको दलित संस्थाको प्रतिनिधि १ जना | सदस्य |
| ड) मानव अधिकारका क्षेत्रमा कार्यरत दलित/अपाङ्ग लगायतबाट १ जना | सदस्य |
| ढ) जनजाति महासंघको स्थानीय प्रतिनिधि १ जना | सदस्य |
| ण) नगरपालिकाको विषयगत शाखाको अधिकृत कर्मचारी | सदस्य |
| त) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**४. मूल समितिको काम, कर्तव्य र अधिकारः**

क) अव्यवस्थित मदिराको अव्यवस्थित उत्पादन र बिक्री वितरणलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति, विसंगतीलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

ग) मदिराको उत्पादन, बिक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस नियमावलीलाई कडाईका साथ लागू गर्ने गराउने ।

घ) यो नियमावली विपरित मदिरा उत्पादन र विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने र गर्न लगाउने ।

ङ) मदिरा उत्पादन र विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च) वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कारबाहीको अनुगमन गर्ने, गराउने ।

छ) नगरपालिकालाई मदिरा विक्री वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक नगर सभा पूर्व नीति, बजेट तथा कार्यक्रमका बारेमा लिखित सुझाव पेश गर्ने ।

**५. मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।**

क) सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक
ख) सम्बन्धित वडाका वडा सदस्यहरु — सदस्य
ग) वडा प्रहरी कार्यालयको प्रमूखले तोकेको प्रहरी कर्मचारी — सदस्य
घ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, टोल, आमा समुह मध्येहरुबाट वडाध्यक्षले तोकको ३ जना — सदस्य
ङ) संयुक्त टोल संगठन वडा समन्वय समितिका संयोजक वा प्रतिनिधि — सदस्य
च) होटेल तथा पेय पदार्थ व्यवसायी संघका अध्यक्ष वा प्रतिनिधी — सदस्य
छ) साना तथा मझौला होटल व्यवसायी संघका अध्यक्ष वा प्रतिनिधी — सदस्य
ज) मण्डनदेउपुर नगरपालिकाको होटल व्यवसायी संघका अध्यक्ष वा प्रतिनिधी — सदस्य
झ) सम्बन्धित वडाका वडा सचिव — सदस्य सचिव

**६. वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

क) मदिरा व्यवसाय संचालन अनुमति दिँदा यस नियमावलीमा उल्लेख भएका प्रकृया पुरा गर्ने व्यवसायलाई मात्र ईजाजत पत्र प्रदान गर्ने ।

ख) वडामा यस नियमावली बमोजिम मदिरा विक्री वितरण तथा सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

ग) यस नियमावलीमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

घ) यस नियमावलीको पालना नगर्नेलाई नियमावली बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

ङ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

च) यस नियमावली कार्यान्वयनका लागि आवश्यक सुझावहरु भए समितिको निर्णयलाई मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ३

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

७. मदिरा व्यवसाय गर्न मण्डनदेउपुर नगरपालिकाबाट अनिवार्य ईजाजतपत्र लिनुपर्नेछ ( अनुसूची १ बमोजिमको) र मदिराको बिक्री वितरण गर्दा सामाजिक सदभाव, शान्ति सुव्यवस्था, अमन चयन खल्बलिन नहुने, घरेलु हिंसा, समाजमा झैझगडा नहुने शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ ।

क) मदिराको बिक्री वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यका लागि ईजाजतपत्र लिइएको हो सो बमोजिम थोक बिक्रेताले दिउसो १:०० बजेदेखि बेलुकी ८:०० बजे सम्म, खुद्रा बिक्रेताले बेलुका ६:०० बजेदेखि बेलुकी ८:०० बजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले बेलुका ६:०० बजे देखि बेलुकी ८:०० बजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्ने व्यवसायीले बेलुकी ८:०० बजे सम्म व्यवसाय

संचालन गर्न पाईनेछ, तर नगरपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्र भित्र उक्त समयसिमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ख) कुनै पनि पसलले बेचबिखन गर्न सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय तथा सामाजिक महत्वका स्थानबाट २०० मिटर भित्र अनुमति विना बेचबिखन गर्न पाईने छैन ।

ग) मदिरा बिक्री वितरणको कारोबार गर्न अनुमति लिएकाहरुले सो बाहेक सोही ठाँउमा अन्य व्यवसायको कारोबार गर्न पाउने छैन । साथै जुन स्थानमा व्यवसाय गर्ने हो, सोही स्थानमा व्यवसाय गर्नुपर्नेछ । स्थान परिवर्तन गर्नुपरेमा सो को पूर्व सहमति वडा कार्यालयबाट लिनुपर्नेछ । वडा कार्यालयले स्थान परिवर्तन भएमा नियम ७ को उपनियम (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरी सहमतिपत्र दिनुपर्नेछ ।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलबाट मदिरा बिक्री वितरण गर्न पाइनै छैन ।

ङ) मदिराको स्विकृती लिएका होटेलहरुमा खाना र बास क्षेत्र बाहेक मदिरा सेवन रेष्टुरेण्ट अलग्गै हुनु पर्नेछ ।

च) १८ वर्ष भन्दा मुनिका तथा गर्भवती र सुत्केरी व्यक्तिहरुलाई मदिरा खरिद, बिक्री वितरण र ओसार पसार गर्न गराउन पाइने छैन ।

छ) ईजाजतपत्र प्राप्त गरि उत्पादन गर्ने व्यवसायीले मदिराको प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट टाँस गरेको हुनुपर्दछ ।

ज) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विवरण राख्नु पर्नेछ ।

झ) मदिरा उत्पादन बिक्री तथा वितरण गर्ने इजाजतपत्र प्राप्त व्यवसायीले पसल बाहिर सडकबाट देखिनेगरी बोर्ड राख्नु पर्नेछ । त्यसैगरी कानून बमोजिम सरकारी निकायहरुबाट लिएको ईजाजतपत्रहरु सबैले देख्ने गरी कारोबारको स्थलमा राख्नुपर्नेछ ।

ञ) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा विक्री वितरण गर्न पाइने छैन । त्यसैगरी कानूनले बन्देज गरेका घरेलु मदिरा विक्री वितरण, ओसार पसार आदि गर्न पाईनेछैन ।

ट) समुदायको धर्म, संस्कार, चाडपर्वलाई मात्र ध्यान दिएर सम्बन्धित पक्षबाट वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई अनुरोध हुन आएमा सामाजिक शान्ति, सुव्यवस्थामा अमनचयन नखलबलिने, घरेलु हिंसा, सामाजिक भै झगडा नहुने र

शान्ति कायम हुनेगरी मात्र वडा स्तरीय मदिरा व्यवस्थापनको निर्णयमा समय सीमा तोकि मदिरा प्रयोग गर्न दिन सकिनेछ ।

ठ) मदिरा व्यवसायीहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनै पनि प्रकारका फोहोर सार्वजनिक स्थलमा फाल्न पाइने छैन । साथै अनिवार्य रुपमा सफाईको सदस्यता लिनु पर्नेछ ।

ड) मदिरा व्यवसायी वा अन्य विक्रेताले हाटबजार, सार्वजनिक स्थल, चोक तथा मेला, पर्वहरुमा मदिरा विक्री वितरण गर्न पाइने छैन ।

ढ) मानव स्वास्थ्यप्रति चेतना गराउने सूचना तथा होर्डिङ वोर्ड बाहेक मदिराको प्रचार, प्रसार, माईकिङ्ग, विज्ञापन तथा होर्डिङ्ग वोर्ड राख्न पाइने छैन ।

ण) मदिरा बिक्रेता तथा सेवन कर्ताहरुले अनुमति प्राप्त होटल, रेष्टुरा बाहेक अन्यत्र मदिरा सेवन गर्न गराउन पाईने छैन ।

त) तोकिएको समय सीमा भन्दा बढी संचालन भएको पाइएमा दोब्बर जरिवाना लाग्नेछ र तीनपटक भन्दा बढी यो कदम दोहोरिए अनुमति पत्र समेत खारेज गर्न सक्नेछ ।

थ) मदिरा व्यवसायमा यौंनजन्य, लैंगिक हिंसा, अश्लील कृयाकलाप, बाल शोषण, श्रम शोषण आदि गरेको पाईएमा मदिरा ऐन २०३१ बमोजिम कारबाही गरिनेछ ।

## परिच्छेद ४
## कारबाही, जफत र सामानको बिक्री सम्बन्धी व्यवस्था :

८. कारवाही, जफत र सामानको बिक्री सम्बन्धी व्यवस्थाः यो नियमावली विपरित मदिरा बिक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ :

क) कुनै पनि व्यक्ति वा व्यवसायीहरुले यस निर्देशिका र प्रचलित कानून विपरित मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेको भेट्टाईएमा सो कार्यसँग सम्बन्धित मदिरा मूल समितिको प्रतिनिधिको रोहबरमा प्रचलित कानून बमोजिम मुचुल्का उठान गरि जफत गरिनेछ ।

ख) उपखण्ड (क) बमोजिम जफत गरेको मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम बिक्री गर्नुपर्नेछ ।

ग) यस नियमावली र प्रचलित कानून विपरित मदिरा कारोबार गर्न प्रयोग गरिएको सबै सामानहरु प्रमूख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधनलाई एक पटकका लागि रिहा गरिनेछ । तर पुन दोहोरिए मदिरा कारोबारको रकमलाई आधार मानी दोब्बर रकम सवारी साधन धनीलाई जरिवाना गरिनेछ, तर पटक पटक सोहि सवारी साधनमा मदिरा ओसार पसार भएको पाईएमा मूल समितिले निर्णय गरे बमोजिमको कारवाही हुनेछ ।

घ) ईजाजत प्राप्त गरी संचालनमा आएका पसलमा नियमित जसो होहल्ला, सामाजिक अमन चयन, छिमेकीलाई वातावरणीय तथा ध्वनिले पर्ने प्रभावका कारण असहज अवस्था भई सामुहिक उजुरी वडा स्तरीय मदिरा व्यवस्थापन समितिमा पेश गर्न सकिनेछ । वडा स्तरीय मदिरा व्यवस्थापन समितिमा उजुरी परेको ७ दिनभित्र सो को प्रक्रिया अगाडि बढाउनु पर्नेछ । सो अवधिमा निवेदन उपर कुनै प्रक्रिया अगाडि नबढेमा उक्त उजुरी कर्ताहरुले मूल समितिमा पुन निवेदन दिन सक्नेछन र सो उजुरी उपर छानविन गरी सामान्य देखि सामाजिक सदभाव खल्बलिने अवस्थाको प्रतिवेदन प्राप्त भए मूल समितिले सो व्यवसायीलाई सचेत गराउने, व्यवसाय बन्द गराउने देखि ईजाजतपत्र समेत खारेजी गर्न सक्नेछ ।

ङ) मदिरा व्यवसायीहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनैपनि प्रकारका फोहर सार्वजनिक स्थलमा फालेको प्रमाणित भएमा सो व्यवसायलाई नगरपालिकाले जारि गरेको फोहरमैला निष्कासन, संकलन, तथा अन्तिम विसर्जन सम्बन्धि निर्देशिका २०७६ बमोजिम कारबाही गरिनेछ ।

च) यस नियमावली र प्रचलित कानून कार्यान्वयनको लागि मण्डनदेउपुर नगरपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाला अन्य निकायको कर्तव्य हुनेछ ।

९. यो नियमावली र प्रचलित कानून विपरित मदिरा बिक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

| क्र.स. | कानून विपरित वितरण गरेको पटक | थोक विक्रेता (रु.) | खुद्रा विक्रेता (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो पटक | १०,०००।०० (दश हजार) | ३,०००।०० (तीन हजार) | |
| २ | दोस्रो पटक | १५,०००।०० (पन्ध्र हजार) | ५,०००।०० (पाँच हजार) | |
| ३ | तेस्रो पटक | २०,०००।०० (बीस हजार) | ७,०००।०० (सात हजार) | |

माथि उल्लेख भएको भन्दा बढी पटक भएमा मूल समितिले थप रकम साथै ईजाजतपत्र खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१०. जरिवाना सम्बन्धि व्यवस्था :

क. यस नियमावली विपरित मदिरा सेवन गरी समाजमा शान्ति, सुव्यवस्था, अमनचयन खलबल्याउने, झैझगडा गर्ने, होहल्ला गर्ने जस्ता कार्य गरेको, हिडेको पाईएमा देहाय बमोजिम जरिवाना तथा सजाय हुनेछ ।

१) पहिलो पटकलाई रु. २,०००।०० (दुई हजार)

२) दोस्रो पटकलाई रु. ४,०००।०० (चार हजार)

३) तेस्रो पटकलाई रु. ६,०००।०० (छ हजार)

४) सो भन्दा बढीपटक भएमा रु. १०,०००।०० (दश हजार) जरिवाना गरिनेछ ।

ख. राष्ट्रसेवक कर्मचारी वा सेवाग्राहीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा उक्त जरिवानामा शतप्रतिशत जरिवाना थप गरी विभागीय कारवाही तथा अन्यको हकमा नियम १० को उपनियम (क) बमोजिम जरिवाना गरिनेछ ।

ग. मण्डनदेउपुर नगरपालिकाको नगर सभामा प्रतिनिधित्व गर्नु हुने जनप्रतिनिधिले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा जरिवानामा शतप्रतिशत जरिवाना सहित थप कारवाहीको लागि नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

घ. यदि कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न ईन्कार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिकाबाट प्राप्त सेवा सुबिधा रोक्का राखी कार्यबाही गर्न सक्नेछ ।

ङ. मण्डनदेउपर नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मदिरा व्यवसायको ईजाजत नलिई व्यवसाय गरेको पाईएमा सो व्यवसायलाई कारबाही सहित व्यवसाय सिलबन्दी गरिनेछ । मदिरा व्यवसायका लागि ईजाजतपत्र दिनु पूर्व वडा कार्यालयबाट जुन स्थानमा मदिरा व्यवसाय गर्ने हो सो स्थान वरिपरिको घरधनी, जग्गाधनीहरुमध्ये कम्तिमा ५ जनाको अनिवार्य सर्जमिन मुचुल्का उठान गरि ( नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी) वडा स्तरीय मदिरा व्यवस्थापन समितिको सिफारिसमा मात्र व्यवसायको संचालन ईजाजतपत्र दिइनेछ ।

च. वैवाहिक समारोह, व्रतबन्ध तथा अन्य भोजका कार्यक्रम (सामाजिक, सांस्कृतिक रुपमा परम्परा रहेको समुदाय बाहेक) मा मदिरा प्रयोग गर्नुपर्ने भए मदिरा खरिद र प्रयोगको अनुमति सम्बन्धित वडा स्तरीय मदिरा व्यवस्थापन समितिबाट लिनुपर्नेछ ।

छ. मदिरा व्यवसायीहरुले ‘मदिरा स्वास्थ्यका लागि हानिकारक छ’ भन्ने नारा सबैले देखिने गरी राख्नु पर्नेछ ।

ज. भाडामा मदिरा व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय दर्ता तथा नवीकरण गर्दा अनिवार्यरुपमा घर बहाल सम्झौताका कागजातहरु पेश गर्नु पर्नेछ ।

झ. मण्डनदेउपुर नगरपालिका बासीको कर्तव्यः यो नियमको परिपालन गर्ने, गराउने प्रत्येक नगरपालिकाबासीको कर्तव्य हुनेछ ।

ञ. यो नियमावली कार्यान्वयन गर्न नगरपालिकाले अन्य आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

ट. मदिरा उत्पादन बिक्री वितरण व्यवस्थापन तथा नियमनका लागि नगरपालिकाले आवश्यकता अनुसार मापदण्ड परिमार्जन गर्न सक्नेछ ।

ठ. यो नियमावली कार्यान्वयन पछि नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सबै मदिरा व्यवसायीहरुलाई नगरपालिकामा सूचिकृत गरी अद्यावधिक गरिनेछ ।

अनूसुची १

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महादेवस्थान, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**व्यवसाय दर्ता/ईजाजतपत्र**

(मण्डनदेउपुर नगरपालिकाको मदिराजन्य उत्पादन, विक्रि वितरण, व्यवस्थापन तथा नियमन नियमावली
२०७६ को दफा (७) बमोजिम जारी गरिएको

ईजाजतपत्र नं.
दर्ता मितिः

जिल्ला.............. नगरपालिका............. वडा नं.
...................................
..................बस्ने श्री ............................................लाई मण्डनदेउपुर नगरपालिकाको मदिराजन्य उत्पादन, विक्रिवितरण, व्यवस्थापन तथा नियमन नियमावली २०७६ ले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै मण्डनदेउपुर नगरपालिकाबाट समय-समयमा दिईने आदेश, निर्देशन समेत पालना गर्न मञ्जुर भएको निवेदनको आधारमा व्यवसाय दर्ता गरी यो ईजाजतपत्र जारी गरिएको छ ।

व्यवसायको नाम.......................................
व्यवसाय रहने स्थान : मण्डनदेउपुर नगरपालिका वडा नं. ..........
बाटोको नाम : ................ घर नं. ............ टोल ..............
व्यवसाय रहने घर/जग्गाधनीको नाम.........................................

व्यवसायको प्रकृतिः ................

कामको विवरण : ...................
पुँजीगत लगानी (रु.मा) : ...............................
करदाता/व्यवसायीको हस्ताक्षर : ......................

..............................
स्वीकृत गर्नेको हस्ताक्षर
नाम..........................
पद..........................

| क.स | नवीकरण भएको मिति | नवीकरण मान्यताअवधि | नवीकरण दस्तुर/भौचर नं./मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले,**
**(प्रणराज न्यौपाने)**
**प्रमुख प्रशासकीय अधिकृत**